"सामाजिक सुरक्षा ,सुशासन, न्याय विकास र समानता समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता"
" Social Security, Good Governance, Justice, Development and Equity Properous Cities Happy Citizens Our Commitment"

# सुनवल नगरपालिका
## Sunwal Municipality
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (West of Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्याः
चलानी नं.:

सार्वजनिक जग्गामा वृक्षारोपण अनुदानका लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०८२/१२/०२)

उपरोक्त सम्बन्धमा यस सुनवल नगरपालीक आ.व. २०८२/८३ मा सञ्चालन भइरहेको समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत सार्वजनिक जग्गामा वृक्षारोपणका लागि समूह/समिति/संस्थाहरूलाई अनुदान कार्यक्रम कार्यान्वयनका लागि यस पालिकाको विभिन्न वडामा रहेका सार्वजनिक जग्गामा वृक्षारोपण (८०० विरुवा नघट्ने गरी ०.५ हे. क्षेत्रफल) गर्न ५०% अनुदान उपलब्ध गराउने भएको हुँदा संरक्षण कार्यक्रममा सञ्चालन गर्न इच्छुक समूह, संघ संस्था, विद्यालय, सार्वजनिक वन उपभोक्ता समूह वा सार्वजनिक संस्थाहरूले आफुले रोप्न चाहेको बहु-उपयोगी मिश्रित प्रजातिहरू छनौट गरी यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र तपसिलका कागजात संलग्न राखी यस नगर कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरू :

१.निवेदन(वृक्षारोपण गर्न इच्छुक प्रजातिहरू, संख्या तथा अनुमानित क्षेत्रफल खुलाउने)
२.उल्लेखित स्थानमा माटो तथा जल संरक्षण र वृक्षारोपण स्थापना गर्न इच्छुक समूहले यस कार्यक्रममा भाग लिन चाहेको निर्णयको प्रतिलिपि।

(शेष कान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नोटः रेड कार्यान्वयन केन्द्रबाट वृक्षारोपण अनुदान निर्देशिकामा विरुवा संख्या वा अनुदानको अनुपातमा कुनै हेरफेर भई आएमा सोही अनुसार हुनेछ। विस्तृत जानकारीको लागि सुनवल नगरपालिकाको वन प्राविधिक श्री अनुस्का सुवेदी (९८६७४५०६६२) संग सम्पर्क गर्नुहुन अनुरोध छ।


Scanned with CamScanner

सुनवल नगरपालिका
Sunwal Municipality
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (West of Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या:
चलानी नं.:

निजी वन / जग्गामा वृक्षारोपण अनुदानको लागि दरखास्त पेश गर्ने सम्बन्धमा ।

(दोस्रो पटक प्रकाशित मितिः २०८२/१२/०२)

उपरोक्त सम्बन्धमा यस सुनवल नगरपालिकामा संचालित समृद्धिका लागि वन परियोजना अन्तर्गत आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम निजी जग्गामा वृक्षारोपणका लागि अनुदान (महिला दलित तथा विपन्न वर्गलाई प्राथमिकता) कार्यक्रम अन्तर्गत निजी वन / निजी जग्गामा वृक्षारोपण स्थापना गर्न इच्छुक लक्षित समूहका नागरिकहरुलाई आफूले रोप्न चाहेका बहु-उपयोगी मिश्रित प्रजातिहरु संख्यामा कम्तिमा १०० विरुवा नघटाई वृक्षारोपण गर्न ५०% अनुदान उपलब्ध गराउने भएको हुँदा इच्छुक व्यक्ति/ कृषि सहकारी/ कृषि वन समूह तथा कृषक समूहहरुलाई यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र तपसील वमोजिमका कागजात संलग्न राखि यस नगर कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसील

१. निवेदन (वृक्षारोपण गर्ने प्रजातिहरु, संख्या र अनुमानित क्षेत्र खुलाई),
२. वृक्षारोपण गर्ने जग्गाको जग्गाधनी पुर्जा प्रतिलिपी,
३. मालपोत बुझाएको रसिदको प्रतिलिपी,
४. सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपी,
५. समुहको हकमा फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि र समुहको बैठकको निर्णयको प्रतिलिपि।

.....................
(शेष कान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नोट: रेड कार्यान्वयन केन्द्रवाट वृक्षारोपण अनुदान निर्देशिकामा विरुवा संख्या वा अनुदानको अनुपातमा कुनै हेरफेर भई आएमा सोही अनुसार हुनेछ। विस्तृत जानकारीको लागि सुनवल नगरपालिकाको वन प्राविधिक श्री अनुस्का सुवेदी (९८६७४५०६६२) संग सम्पर्क गर्नुहुन अनुरोध छ।



CS Scanned with CamScanner